## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १३ अप्रेल २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले डा. बी.आर. अंबेडकर जयंतीको पूर्वसन्ध्यामा देशवासीहरूलाई शुभकामना दिनु भएको छ।

- पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा वक्फ ऐनमा संशोधनको विरोधमा शुक्रबार र शनिबार लगातार दुई दिन भएको हिंसामा पुलिसले अहिलेसम्म १३८ जनालाई पक्राउ गरेको छ।

- नेपाली नयाँ वर्ष २०८२ को अवसरमा भोली पहाडको विभिन्न ठाउमा भब्यताको साथमा संस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ I

- पहाडमा पिउने पानीको समस्या समाधान गर्ने उद्धेश्यले जीटीएका मुख्य कार्यपाल अनित थापाको अध्यक्षतामा ब्रह्मपुत्र बोर्डका प्रतिनिधिगण अनि जीटीए सिचाई विभागका अधिकारीहरु बैठक सम्पन्न भएको छ I

**राष्ट्रपति अंबेडकर जयंती**

राष्ट्रपति द्रौपदी मुर्मुले डा. बी.आर. अंबेडकरको जयंतीको पूर्वसन्ध्यामा देशवासीहरूलाई शुभकामना दिनु भएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा भन्नुभएको छ आफ्नो प्रेरणादायी जीवनमा अत्यंत कठिनाइहरूको सामना गर्नु परे पनि, बाबा साहेबले आफ्नो अद्वितीय पहिचान बनाउनु भयो र आफ्नो असाधारण उपलब्धिहरूका लागि विश्वभरि सम्मान अर्जित गर्नुभयो।राष्ट्रपतिले बाबा साहेबलाई विलक्षण योग्यता र बहुमुखी व्यक्तित्वको धनी बताउनुहुँदै उहाँ एक अर्थशास्त्री, शिक्षाविद्, कानूनविद् र एक महान समाज सुधारक हुनुहुन्थ्यो भन्नुभयो। उहाँले भन्नुभयो बाबा साहेब समतावादी समाजका प्रबल समर्थक हुनुहुन्थ्यो र उहाँले महिलाहरु र पछौटे वर्गको आर्थिक र सामाजिक अधिकारको लागि आजीवन संघर्ष गर्नुभएको थियो भनि बताउनुभयो। राष्ट्रपति मुर्मुले जोड दिंदै भन्नुभयो बाबा साहेबले शिक्षालाई सामाजिक रूपान्तरण र दलितहरूको सशक्तिकरणको महत्त्वपूर्ण साधनको रूपमा मान्नुभयो। उहाँले विभिन्न क्षेत्रमा उहाँको योगदानले भावी पुस्तालाई राष्ट्र निर्माणको लागि प्रतिबद्धताका साथ काम गर्न प्रेरित गरिरहने बताउनु भयो।राष्ट्रपतिले सबैलाई डा. अम्बेडकरका आदर्शहरूलाई आफ्नो जीवनमा अपनाउन र सामाजिक सद्भाव र समानताको भावनालाई मूर्त रूप दिने राष्ट्र निर्माणमा काम गर्ने प्रतिबद्धता जनाउन आग्रह गर्नुभयो।

**मुर्शिदाबाद-हिंसा**

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा वक्फ ऐनमा संशोधनको विरोधमा शुक्रबार र शनिबार लगातार दुई दिन भएको हिंसामा पुलिसले अहिलेसम्म १३८ जनालाई पक्राउ गरेको छ। यसरी नै हिसामा तीनजनाको ज्यान गएको छ I स्थिति नियन्त्रण गर्न अर्धसैनिक बलले हिज रातभरि सुती र शमशेरगंज लगायत धेरै संवेदनशील क्षेत्रहरूमा खोजी अभियान चलायो र आज बिहान पनि रुट मार्च गरेको जानकारी प्राप्त भएको छ। स्थितिको गम्भीरतालाई ध्यानमा राख्दै, कलकत्ता उच्च अदालतले हिज राती मुर्शिदाबाद र राज्यका अन्य संवेदनशील क्षेत्रहरूमा अर्धसैनिक बल तैनाथ गर्न आदेश दिएको थियो। अदालतले राज्यमा भइरहेका तोडफोड र हिंसाका घटनाहरूमा आँखा चिम्लने गरी बस्न नसकिने स्पष्ट पारेको छ। यसपछि, राज्य सरकारको अनुरोधमा, केन्द्र सरकारले स्थानीय रूपमा पहिले नै उपस्थित लगभग ३०० बीएसएफ कर्मचारीहरू बाहेक पाँच थप कम्पनीहरू तैनाथ गरेको छ। अर्कोतर्फ, अर्धसैनिक बलका टोलीहरूले शनिबार रातभर हिंसा प्रभावित क्षेत्रहरूमा गस्ती जारी राखे। सेनाले परिस्थितिको जायजा

मात्र नलिएर प्रभावित परिवारहरूसँग कुराकानी गर्दै सुरक्षाको आश्वासन पनि दिए। जनतामा विश्वास पुनर्स्थापित गर्ने र कुनै पनि अराजकता दोहोरिन नदिने उद्देश्यले आज बिहान ९ बजे राज्य पुलिस र केन्द्रीय बलहरूले संयुक्त रुट मार्च सुरु गरे। मुर्शिदाबादको अवस्था अझै पनि तनावपूर्ण छ I तथापि, अर्धसैनिक बलको तैनाथी, पुलिसको सक्रियता र उच्च अदालतको कडाइका कारण स्थिति बिस्तारै नियन्त्रणमा आइरहेको बताईएको छ । प्रशासनले अफवाहहरूमा ध्यान नदिन र कुनै पनि असामाजिक तत्वको गतिविधिको बारेमा तत्काल प्रशासनलाई जानकारी गराउन जनतालाई अपील गरेको छ।

**पहिलो बैशाख**

नेपाली नयाँ वर्ष २०८२ को अवसरमा भोली पहाडको विभिन्न ठाउमा भब्यताको साथमा संस्कृतिक कार्यक्रम आयोजना गरिने भएको छ I गोर्खा नव वर्ष जातीय उत्सव आयोजक समितिको तत्वधानमा दार्जीलिंग्मा पहिलो वैशाख कार्यक्रम मनाइने भएको छ I यस अवसरमा दर्जीलिंगको पुरानो सुपर मार्केटबाट संस्कृतिक शोभा यात्रा आरम्भ हुनेछ भने चौरस्तामा पुगेर विभिन्न संस्कृतिक कार्यक्रमको आयोजना गरिने जानकारी प्राप्त भएको छ I गोर्खा सांस्कृतिक संस्थान खरसाङको आयोजनामा भोली नेपाली नव वर्ष 2082 को अवसरमा सांस्कृतिक शोभायात्राको आयोजना गरिने भएको छ। नव वर्ष 2082 को अवसरमा खर्सांग रेल्वे स्टेशनबाट भव्य रूपमा पहिलो वैशाख सांस्कृतिक शोभायात्रा आयोजना गरिने भएको छ। सांस्कृतिक शोभायात्रा खरसाङ क्षेत्रमा रहेका विभिन्न संघ संस्थाहरुलाई समावेश गरेर सांस्कृतिक एकता परिदर्शन गर्नलाई आयोजना गरिने निर्णय गरिएको छ। यसको साथै विभिन्न संघ संस्थाहरुलाई समावेश गरेर शोभायात्रासितै विभिन्न सांस्कृतिक प्रदर्शनीहरु, झाँकीहरुको पनि प्रस्तुति गरिने सभामा निर्णय गरिएको जानकारी प्राप्त भएको छ। यसरी नै गोर्खा गौरव संस्थानले कालेबुंगमा पहिलो वैशाख भव्यताका साथ सम्पन्न गर्न युद्ध स्तरमा तयारी भइरहेको छ। सुन्नुहोस एक रिपोर्ट -

BYTE

****** ० ******

**अनित थापा**

पहाडमा पिउने पानीको समस्या समाधान गर्ने उद्धेश्यले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको अध्यक्षतामा ब्रह्मपुत्र बोर्डका प्रतिनिधिगण अनि जीटीए सिचाई विभागका अधिकारीहरु बैठक सम्पन्न भएको छ I बैठकपछि सामाजिक संजालमा एक पोस्ट गर्नु हुदै जीटीएका मुख्य कार्यपाल अनित् थापाले पहाडमा कसरी पिउने पानीको व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा व्यापक मात्रामा छलफल भएको बताउनु भयो I उहाले बैठकमा प्राकृतिक जलस्रोतहरूको सर्वेक्षण,स्थायी जलस्रोतहरूको पुनर्जीवित गर्ने जसमा ब्रह्मपुत्र बोर्ड र जीटीए सिचाई विभागले स्थायी रूपमा बगिरहने पानीका स्रोतहरू पुनर्जीवित गर्न सहकार्यमा काम गर्ने सहमति जनाएको बताउनु भएको छ ।

BYTE

**जिम्बा -सहयोग**

उत्तर बङ्गाल मेडिकल कलेज एव अस्पतालमा अध्यनरत तेस्रो वर्षको एमबीबीएस- का छात्र ग्याल्पो छिरिंग तामांगलाई दार्जीलिंगका विधायक निरज तामांग जिम्बाले आर्थिक सहयोग गर्नुका साथै एउटा ट्याबलेट प्रदान गर्नु भएको छ I जानकारी अनुसार विद्यार्थी छिरिंग ग्याल्पो तामांगले आफ्नो अध्ययनका लागि आवश्यक पर्ने ट्याबलेट सहयोग गरिदिने माग गर्दै विधायक तामांगको कार्यलय पुगेका थिए भने विधायकले पनि उनलाई ट्याबलेटसंगै उनको कोर्स अवधिभरि मासिक छात्रवृत्तिको व्यवस्था पनि सुनिश्चित गर्ने वचन दिनु हुदै सहयोग गर्नु भएको छ ।

****** ० ******

**कांग्रेस – थाना घेराउ**

नोकरी गुमाएका शिक्षकहरूमाथि भएको लाठीचार्जको विरोधमा दार्जिलिङ जिल्ला कांग्रेसले आज सिलगढी पुलिस थानामा घेराउ गर्दै विरोध जनायो I त्यसपछि जिल्ला कांग्रेस अध्यक्ष शंकर मालाकरले सिलगढी पुलिस थाना प्रभारीलाई एक ज्ञापनपत्र सुम्पिनु भएको छ ।स्कूल सेवा आयोगको भर्ती प्रक्रियामा अनियमितताको मुद्दामा सर्वोच्च अदालतको गत 3 अप्रेलमा

फैसलापछि बर्खास्त गरिएका बंगालका शिक्षकहरूले प्रदर्शन गर्ने क्रममा पुलिसले लाठी चार्च गरेको विरोधमा दार्जीलिंग जिल्ला कांग्रेसले थाना घेराउ गरेको थियो । दार्जिलिङ जिल्ला कांग्रेस अध्यक्ष शंकर मालाकरले भ्रष्टाचारका कारण वास्तविक शिक्षकहरू पीडित रहेको र पुलिसले उनीहरूमाथि गरेको क्रूर आक्रमणले जनताको मानसिकतामा गहिरो प्रभाव पारेको बताउनु भयो । उहाले पुलिसले गरेको यसप्रकारको कार्यको घोर निन्दा गर्ने बताउनु भयो ।

**सन्दकपु- हिमपात**

अप्रेल महिनाको दोस्रो हप्ताको अन्त्यतिर सन्दकपुमा फेरि हिमपात भएको छ। यससँग यस वर्ष सन्दकपुले दोस्रो पल्ट हिमपात अनुभव गरेको हो। हिमपातको कारण अत्यधिक जाडो बढेको खबर प्राप्त भएको छ। हिमपातका कारण सन्दकपुबासी उत्साहित बनेका छन् भने पर्यटकहरूमा पनि हर्षको लहर छाएको छ। गत दुई तीन दिनदेखि क्षेत्रमा थोरै वर्षाको सुरु भएको थियो भने यसै अवधि हिमपात भएर आजदेखि चिसो बढेको छ। गर्मी महिनाको सुरुको समय पनि क्षेत्रमा चिसो यथावत छ भने आज सन्दकपुमा हिमपात भएकोले सन्दकपुको फेदीमा रहेको रिम्बिक लोधोका जनजीवनमा चिसोको व्यापक प्रभाव परेको देखियो। यता पर्यटकहरुले भने यस मौसमको धेरै आनन्द लिइरहेका छन् ।

****** ० ******

**गोरामुमो – मिरिक**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च कमिटीको आयोजनामा आज मिरिकस्थित ब्रान्च कार्यालयमा एक महत्वपूर्ण सभा सम्पन्न भयो। ब्रान्च अध्यक्ष महेन्द्र खड्काको सभापतित्वमा सम्पन्न यस सभामा सौरेनी पानिघट्टा समष्टि विगठन गरेर तराई समष्टि गठन गरिने विषयमा व्यापक छलफल तथा निर्णय गरियो। यो निर्णय गोरामुमो अध्यक्ष मन घिसिङको निर्देशनमा गरिएको जानकारी प्राप्त भएको छ I आजको सभामा कर्ण प्रधानलाई तराई समष्टिका कन्भेनरको रूपमा चयन गरियो भने उहाले सौरेनी पानिघट्टा समष्टि पूर्ण रूपमा विघटन गरिएको घोषणा गर्नु भयो । साथै उहाले समष्टिको माथिल्लो क्षेत्र सौरेनीमा छुट्टै सौरेनी समष्टि गठन गर्ने निर्णय लिएको पनि बताउनु भयो ।

**सूनको मूल्य**

सुनको मूल्य गत साता दोस्रो पल्ट सर्वोच्च स्तरमा पुगयो विश्वमा बढ़दो व्यापार युद्धले तनाव अनि अमेरिकी डालरको मूल्यमा गिरावटले सूनको मूल्य रेकर्ड स्तरमा पुगेको हो। अर्न्तराष्ट्रिय बजारमा स्पोट गोल्ड सुनको मूल्यमा ६.४ प्रतिशतको वृद्धि देखियो। यसका साथै विश्व बजारमा गत शुक्रवारको दिन सुनको मूल्य ३,२४५ डालर प्रति औन्स रेकर्ड गरियो। अमेरिकी डालरको मूल्रूमा निकै गिरावट रेकर्ड गरियो। वगित २ वर्षमा डलर १०० भन्दा तल्लो स्तरमा झरेको छ। डालरको मूल्यमा ०.७ प्रतिशत गिरावटका साथ शुक्रवारको दिनु ९९.८९ रेकर्ड गरियो। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले विभिन्न देशहरूमा धेरै सीमा शुल्क लागाउने घोषणाले गर्दा वैश्चिक अस्थिरता आउन सक्ने डरले अमेरिकी स्टक , बोण्ड र डलरको निकै विकवाली भयो।

**खरसाङ- पुस्तक लोकार्पण**

डा रागिनी थापाद्वारा लिखित दुईवटा पुस्तक आज खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा लोकार्पण गरिएको छ। खरसाङ निवासी एंव सोनादा डिग्री कलेजकी प्रभारी डा रागिनी थापाको दुईवटा पुस्तक - 'दार्जिलिङ पहाडी क्षेत्रका स्थान नामहरुको भाषा तात्विक अध्ययन' अनि दार्जीलिङ पहाडी क्षेत्रका स्थान नामहरुको अर्थपरक अध्ययन' लोकार्पण समारोह सम्पन्न भएको छ। दुईवटा पुस्तकहरुको लोकार्पण कार्यक्रमको अध्यक्षता उत्तर बंगाल विश्वविद्यालयका पूर्व प्राध्यापक लक्ष्मीकान्त शर्माले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा उत्तर बंगाल विश्वविद्यालयका पूर्व प्राध्यापक डा घनश्याम नेपाल उपस्थित हुनुहुन्थ्यो। प्राध्यापक मेघनाथ छेत्रीले सञ्चालन गर्नु भएको कार्यक्रममा स्वागत सम्भाषण साथै डा रागिनी थापाको परिचयात्मक वक्तव्य उषाकिरण सत्यदर्शीले राख्नु भएको थियो । कार्यक्रममा खरसाङ महाविद्यालयका प्राध्यापक डा योगेस खातीले दुईवटा पुस्तकहरुमाथि समीक्षात्मक टिप्पणी राख्नु भयो I

****** ० ******

**जनजाति महासंघ -सभा**

गोर्खा भारतीय जनजाति महासंघको साधारण सभा आज दार्जीलिंगको गोर्खा दुःख निवारक सम्मेलनमा सम्पन्न भयो। महासंघ संग आबद्ध ११ जात गोष्ठीका पदाधिकारीहरु लगायत डुवर्स अनुसूचित जनजाति डिमाण्ड कमिटिका सदस्यहरुलाई लिएर यो सभा सम्पन्न भएको जानकारी प्राप्त भएको छ । सभामा महासंघले अनुसूचित जनजाति मांगको निम्ति गरिरेहेको क्रियाकलापबारे जानकारी गराए भने आगमी रणनीतिहरु बारे उपस्तिथ प्रतिनिधिहरुसंग छलफल गरिएको जानकारी महासंघका सचिव अमिट थापाले दिनु भएको छ।

**आर्थिक सहयोग**

सक्षम फाउन्डेसनद्वारा करबिया सानो पातले निवासी मिर्गौला रोगी सरोज खवासको उपचारको निम्ति संकलन गरिएको ५८ हजार १ सय दस रुपिया आज दार्जीलिङ प्रेस गिल्डमा रोगीको परिवार पक्षलाई हस्तान्तरण गरियो। सक्षम फाउन्डेसनको तर्फबाट गायकद्वय राजु राई अनि शंकर राईले डोनेसन ड्राइव मार्फत संकलन गरेको रकम सरोज खवासकी पत्नी साथै समाजको सदस्यहरुलाई हस्तान्तरण गरिएको छ। आफुहरुले दार्जीलिंग बजारमा बिमारीहरुको निम्ति डोनेसन ड्राइव चलाएर १९ जना बिरामीहरुलाई रकम प्रदान गरिसकेको फाउन्डेसनका संस्थापक राजु राईले बताउनु भएको छ।

****** ० ******

**विजनबारी- फुटबल**

भूतपूर्व सैनिक फुटबल एशोसिएसन विजनबारीद्वारा आयोजित भ्याट्रेन कप फुटबल प्रतियोगिता हिज विविध रंगरंग कार्यक्रमको साथमा समापन भयो। बिधासागर उच्चतर माध्यमिक बिधालय खेल मैदान बिजनबारीमा सम्पन्न भ्याट्रेन कप फुटबलको फाइनल म्याच डीआईबी(DIB) दार्जिलिङ बनाम आप्पा सेभेन डाली दार्जिलिङमाझ सम्पन्न भयो I जसमा डीआईबी दर्जीलिंगले दुईको विरुद्ध तीन गोल गर्दै उपाधि आफ्नो नाम गर्न सफल बन्यो। विजेता दललाई आकर्षक ट्रफीसहित नगद राशी प्रदान गरियो I

****** ० ******